# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण २३ गते २०२९ साल

### लोक सेवा आयोगको

### सूचना

निजामती सेवा नियमावली (संशोधन सहितको) २०२१ को परिच्छेद ३ को नियम ३.४(१) को प्रयोजनको लागि २०३० साल आषाढ मसान्तसम्मलाई देहायका मन्त्रालय, कार्यालय र अरू अदालतहरूका लागि बढुवा समितिको अध्यक्षमा निम्न अधिकृतहरूलाई तोकिदिएको छ ।

१) उक्त नियमको खण्ड (क) को लागि श्री ५ को सरकारको मुख्य सचिव ।

२) (क) ऐ. को खण्ड (ख) मा उल्लेखित राष्ट्रिय पञ्चायत सचिवालयको लागि र कानून तथा न्याय मन्त्रालय बाहेक अरू मन्त्रालयको लागि श्री ५ को सरकारको मुख्य सचिव ।

(ख) मन्त्रिपरिषद् सचिवालय र प्रशासन व्यबस्था विभागको लागि–आय कर अदालतको मुख्य न्यायाधीश ।

३) (१) खण्ड (ग) मा उल्लेखित वाग्मती अञ्चल अदालत बाहेक अरू अञ्चल अदालतहरुको लागि अञ्चलाधीश ।

(२) वाग्मती अञ्चल अदालतको लागि – सचिव, कानून तथा न्याय मन्त्रालय ।



२७२

मन्त्रालय ~~~ ~~~ ~~~ ~~~ ~~~

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४) (क) खण्ड (घ) मा उल्लेखित वाग्मती अञ्चलको जिल्ला अदालतहरू बाहेक अरू जिल्ला अदालतको लागि–अञ्चलाधीश ।

(ख) वाग्मती अञ्चलको जिल्ला अदालतहरूको लागि–सचिव, कानून तथा न्याय मन्त्रालय ।

५) (क) खण्ड (ङ) मा उल्लेखित वाग्मती अञ्चलको बाहेक अरू सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि–अञ्चलाधीश ।

(ख) वाग्मती अञ्चलको सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि सचिव, कानून तथा न्याय मन्त्रालय ।

६) (क) खण्ड (च) मा उल्लेखित वाग्मती अञ्चलको बाहेक अन्य सहायक सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि – अञ्चलाधीश ।

(ख) वाग्मती अञ्चलको सहायक सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि – सचिव कानून तथा न्याय मन्त्रालय ।

७) (क) खण्ड (छ) मा उल्लेखित अञ्चलाधीशको कार्यालय बाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि–अञ्चलाधीश ।

(ख) अञ्चलाधीशको कार्यालयको लागि–गृह पञ्चायत सचिव ।

८) (क) खण्ड (ज) मा उल्लेखित अञ्चलाधीशको कार्यालय बाहेक अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि – अञ्चलाधीश ।

(ख) अञ्चलाधीशको कार्यालयको लागि–अञ्चल न्यायाधीश ।

आज्ञाले–
परिक्षित नर्सिङ्ग राणा
लोक सेवा आयोगको सचिव

२२६

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।